राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ८ अंक ४७ २०८३ भदौ १९ गते शुक्रबार (4 Sep. 2026) पृष्ठ ४ मूल्य रू. ३।-

## जलवायु क्षतिपूर्तिका लागि अन्तर्राष्ट्रिय दबाब बढाउनुपर्छ : सांसद झा



दैनिक समाचारदाता

काठमाडौँ १८ भदौ । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसद मनिष झाले जलवायु परिवर्तनका कारण नेपालले भोगिरहेको क्षतिबापत अन्तर्राष्ट्रियस्तरमा क्षतिपूर्तिको दाबी गर्नुपर्ने बताएका छन् ।

बिहीबार प्रतिनिधि सभाको बैठकमा बोल्दै सांसद झाले नेपालले विश्वव्यापी कार्बन उत्सर्जनमा नगण्य योगदान गरे पनि जलवायु परिवर्तनको गम्भीर असर भोग्नुपरिरहेको बताए । उनले जलवायु परिवर्तनबाट नेपालले व्यहोर्नुपरेको क्षति र समस्यालाई अन्तर्राष्ट्रिय मञ्चमा प्रभावकारी रूपमा उठाउन सरकारसँग आग्रह गरे ।

'नेपालले कार्बन उत्सर्जन गरेको छैन, तर हामी यसको ठूलो मारमा छौँ,' झाले भने, 'यो विषयलाई अब अन्तर्राष्ट्रियस्तरमा उठाउनुपर्छ र जलवायु परिवर्तनको असरका निम्ति नेपालले क्षतिपूर्ति पाउनुपर्छ भन्ने दाबी गर्नुपर्छ ।'

उनले विकसित मुलुकहरूले गरेको ठूलो परिमाणको कार्बन उत्सर्जनका कारण नेपालजस्ता विकासशील तथा कम उत्सर्जन गर्ने मुलुकहरू बढी प्रभावित भइरहेको बताए । त्यसैले जलवायु परिवर्तनको असर न्यूनीकरणसँगै क्षतिपूर्ति र जलवायु न्यायको विषयलाई नेपालको अन्तर्राष्ट्रिय कूटनीतिक प्राथमिकतामा राख्नुपर्ने उनको भनाइ थियो ।

रसुवामा आएको विनाशकारी बाढीपछि सिर्जित विपद्को अवस्थाबारे चर्चा गर्दै झाले संकटको समयमा सबै राजनीतिक दलहरूले सरकारप्रति देखाएको सद्भाव र सहयोग अनुकरणीय रहेको बताए ।

रास्वपाको नेतृत्वमा रहेको वर्तमान सरकारप्रति अन्य राजनीतिक दलहरूले देखाएको समर्थन र सहानुभूतिप्रति सम्मान व्यक्त गर्दै उनले विपद्का बेला राजनीतिक मतभेदभन्दा माथि उठेर राष्ट्रिय एकता प्रदर्शन हुनु सकारात्मक भएको बताए ।

रास्वपा सभापति रवि लामिछानेको आह्वानमा बसेको सर्वदलीय बैठकको स्मरण गर्दै झाले विपद्का समयमा सिङ्गो देश र नागरिक एकताबद्ध रहेको सन्देश गएको बताए । भविष्यमा पनि राष्ट्रिय संकटका बेला राजनीतिक दलहरूबीच यस्तै सहकार्य र समन्वय कायम रहनुपर्नेमा उनले जोड दिए ।

सांसद झाले विपद् व्यवस्थापन र जलवायु परिवर्तनका मुद्दालाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्राथमिकतामा राखेर दीर्घकालीन नीति बनाउन सरकारलाई सुझाव दिए । जलवायुजन्य विपद्को जोखिम बढ्दै गएकाले पूर्वतयारी, जोखिम न्यूनीकरण, उद्धार तथा राहतसँगै जलवायु अनुकूलन र क्षतिपूर्तिको विषयलाई समेत समान प्राथमिकतामा राख्नुपर्ने उनको भनाइ थियो ।

# भोटेकोशी बाढी : मृतकको संख्या १२५० पुग्यो, मधेशका १६२ जना अझै सम्पर्कविहीन

### सप्तरीका सबैभन्दा धेरै ४८ जना बेपत्ता, पर्साका ३८ र बाराका २३ जना सम्पर्कबाहिर

दैनिक समाचारदाता



जनकपुरधाम, १८ भदौ । रसुवाको भोटेकोशी नदीमा आएको विनाशकारी बाढी तथा त्यसपछि विभिन्न क्षेत्रमा आएको बाढीपहिरोमा परी मधेश प्रदेशका १९२ जना नागरिक सम्पर्कविहीन भएकोमा ३० जना परिवार तथा आफन्तको सम्पर्कमा आएका छन् । १६२ जना भने अझै सम्पर्कविहीन रहेको मधेश प्रदेश प्रहरीले जनाएको छ । मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरधामका प्रवक्ता वरिष्ठ प्रहरी उपरीक्षक प्रभुप्रसाद ढकालका अनुसार सम्पर्कविहीनमध्ये ३० जना टेलिफोनमार्फत परिवारको सम्पर्कमा आएका हुन् । विपद्पछि प्रदेशका विभिन्न जिल्लाबाट नागरिक सम्पर्कविहीन भएको सूचना आएपछि प्रहरीले खोजी तथा विवरण संकलनलाई तीव्रता दिएको छ ।

प्रहरीका अनुसार सप्तरीका ४८ जना अझै सम्पर्कविहीन छन् । त्यस्तै पर्साका ३८, बाराका २३, सर्लाहीका १८, रौतहटका १३, सिरहाका १२, महोत्तरीका १० र धनुषाका सात जना सम्पर्कबाहिर रहेको पछिल्लो विवरणमा उल्लेख छ ।सम्पर्कमा आउनेमा पर्साको वीरगञ्ज महानगरपालिकामा बस्दै आएका सिन्धुलीका ज्ञानबहादुर थिङ र श्याम मोक्तान, बाराको कलैया उपमहानगरपालिका-२२ का सत्यम राम तथा स्वर्ण गाउँपालिका-३ का रुपेश गुप्ता रहेका छन् ।

रौतहटको गढीमाई नगरपालिका-७ का मोविदा खातुन, सकिना खातुन र सलमान अन्सारी तथा ईशनाथ नगरपालिका-४ का सेख मजिद पनि परिवारको सम्पर्कमा आएका छन् । चन्द्रपुर नगरपालिकाका पवित्रा नेपाल सिलवाल र सम्राट सिलवालसमेत सम्पर्कमा आएको प्रहरीले जनाएको छ ।

सर्लाहीको लालबन्दी नगरपालिका-१ का वृजकिशोर दास र सुनिता दास तथा बागमती नगरपालिका-६ का दिपेश थापा पनि परिवारको सम्पर्कमा आएका छन् ।

महोत्तरीको जलेश्वर नगरपालिका-१ का राकेशकुमार यादव, विपीनकुमार मण्डल, श्रीकेश यादव, लोहारपट्टी गाउँपालिकाका युवराज पाण्डे, औरही गाउँपालिका-९ का सचिनकुमार यादव, गौशाला नगरपालिका-६ का आदित्यनारायण यादव र बर्दिबास नगरपालिकाका विकास भारती सम्पर्कमा आएको प्रहरीले जनाएको छ ।धनुषाको सबैला नगरपालिकाका लक्ष्मण मेहता, हंसपुर नगरपालिकाका दयावतीदेवी यादव, विजयकुमार यादव र सुरेश पजियार तथा जनकपुरधाम उपमहा नगरपालिका-४ का रीतिक झा र विक्रम ठाकुर पनि परिवारको सम्पर्कमा आएका छन् ।

जनकपुरधाम-११ का सुशान्त यादव, सिरहाको गोलबजार-१० का टार्जन बलम्पाकी, लहान-४ का उमेश यादव र कञ्चनरुप-८ का अजय मरिक पनि सम्पर्कमा आएको प्रहरीले जनाएको छ ।

*राष्ट्रिय क्षति भयावह*

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार बिहीबार मध्याह्न १२ बजेसम्म बाढीपहिरोमा परी देशका विभिन्न जिल्लाबाट १ हजार २५२ शव फेला परेका छन् । फेला परेका शवमध्ये चितवनमा ३५५, नवलपरासी पूर्वमा २१८, नवलपरासी पश्चिममा २०८, नुवाकोटमा १७७, रसुवामा १२७, गोरखामा ६९, धादिङमा ६० र तनहुँमा ३८ शव फेला परेको प्राधिकरणले जनाएको छ ।

फेला परेका शवमा विभिन्न मानव अंगसमेत समावेश छन् । हालसम्म ९५ शवको सनाखत गरी आफन्तलाई बुझाइएको छ । विपद्का कारण करिब ४ हजार २१६ जना अझै सम्पर्कविहीन रहेको प्राधिकरणको विवरणमा उल्लेख छ ।

बाढीपहिरोमा परी घाइते भएका ५ हजार १३५ जनाको उपचार गरिएको छ । विभिन्न अस्पतालमा ३०१ जना, नेपाली सेनाबाट ३ हजार २०६ जना र सशस्त्र प्रहरीबाट १ हजार ६२८ जनाको स्वास्थ्य उपचार गरिएको जनाइएको छ ।

प्रभावित क्षेत्रबाट हालसम्म ११ हजार ९९३ जनाको उद्धार गरिएको छ । नेपाली सेनाले हवाइ माध्यमबाट मात्रै ४ हजार ३६४ जनाको उद्धार गरेको छ । उद्धार गरिएकामध्ये ४ हजार ९१ जना नेपाली र २७३ जना विदेशी नागरिक छन् ।


खोज तथा उद्धारका लागि नेपाल प्रहरी, नेपाली सेना र सशस्त्र प्रहरी बलका गरी २१ हजार ४०२ सुरक्षाकर्मी परिचालन गरिएको छ ।यसैबीच प्रभावित क्षेत्रमा राहत सामग्री पठाउने कामसमेत जारी रहेको प्राधिकरणले जनाएको छ । काठमाडौंबाट ४५ ट्रक र ३७ बोलेरोमार्फत खाद्य तथा गैरखाद्य सामग्री पठाइएको छ भने हेलिकप्टरबाट नौ पटक राहत सामग्री ढुवानी गरिएको छ ।

सरकारले रसुवा र नुवाकोटलाई एक-एक करोड, धादिङलाई ५० लाख तथा प्रभावित १५ स्थानीय तहका लागि १३ करोड ५० लाख रुपैयाँ नगद राहत उपलब्ध गराएको जनाएको छ ।


*मधेशमा खोजी र विवरण अद्यावधिक तीव्र*

प्रहरीका अनुसार भोटेकोशी बाढी तथा त्यसपछि आएको बाढीपहिरोका कारण परिवार तथा आफन्तसँग सम्पर्क हुन नसकेका मधेशका नागरिकको खोजी जारी छ । विभिन्न जिल्लाबाट नयाँ सूचना प्राप्त भइरहेकाले सम्पर्कविहीनको विवरणसमेत अद्यावधिक गर्ने काम भइरहेको प्रहरीले जनाएको छ ।प्रहरीले सम्पर्कविहीन व्यक्तिको अवस्थाबारे कुनै जानकारी प्राप्त भए तत्काल सम्बन्धित प्रहरी कार्यालयलाई जानकारी गराउन तथा परिवारको सम्पर्कमा आएका व्यक्तिबारे पनि प्रहरीलाई सूचित गर्न आग्रह गरेको छ । मधेशका आठ जिल्लाका १६२ नागरिक अझै सम्पर्कविहीन रहनुले विपद्को राष्ट्रिय प्रभावसँगै प्रदेशका परिवारमाथि परेको मानवीय संकटसमेत गम्भीर रहेको देखाएको छ ।

अब अनलाइनबाट बुकिङ्को सुविधा
divyaclinicjanakpur.com



- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाई बिनाको सुत्केरी




सम्पर्क ठेगाना
दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201
नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035, Mob. 9801674020



## सम्पादकीय

# मन्दिर निर्माणमा विभेदको आरोप

धर्म र आस्था मानिसलाई जोड्ने माध्यम हुन्। तर महोत्तरीको पिपरा गाउँपालिका-३ बन्चटोलवामा पुस्तौँदेखि पूजा गरिँदै आएको धार्मिकस्थलमा मन्दिर पुनर्निर्माण गर्न खोज्दा जातीय विभेद, सामाजिक बहिष्कार, कुटपिट र धम्कीको सामना गर्नुपरेको दलित समुदायको आरोपले हाम्रो समाजको गम्भीर विरोधाभास उजागर गरेको छ। पूजा गर्ने अधिकार समान हुने तर पूजा गर्ने स्थान बनाउने अधिकार जातका आधारमा फरक हुने हो भने संविधानमा लेखिएको समानता केवल कागजमा सीमित भएको ठहर्छ।

दलित समुदायले आफ्नै चन्दा र पहलमा पुरानो चम्पा देवी मन्दिरलाई व्यवस्थित बनाउन खोजेको बताएको छ। तर निर्माण सुरु गरेपछि स्थानीयस्तरबाट अवरोध, गालीगलौज र कुटपिट भएको तथा एक व्यक्तिको नाकको हड्डीसमेत भाँचिएको उनीहरूको दाबी छ। अझ गम्भीर प्रश्न त त्यतिबेला उठ्छ, जब पीडितहरूले उपचारसम्बन्धी प्रमाण हुँदाहुँदै पनि प्रहरीमा जाहेरी दर्ता गर्न कठिनाइ भएको आरोप लगाउँछन्। यदि यो आरोप सत्य हो भने, राज्यको पहिलो दायित्व नै पीडितलाई न्यायको ढोका खोलिदिनु हो, बन्द गरिदिनु होइन।

घटनाले स्थानीय सरकारको भूमिकामाथि पनि प्रश्न उठाएको छ। सार्वजनिक स्रोतबाट एक समुदायसँग सम्बन्धित धार्मिक संरचना निर्माणमा सहजता हुने तर दलित समुदायले आफ्नै स्रोतबाट आफ्नो आस्थास्थल निर्माण गर्न खोज्दा रोक लगाइने हो भने सार्वजनिक पदको निष्पक्षता र स्रोतको समान प्रयोगमाथि गम्भीर प्रश्न उठ्नु स्वाभाविक हो। आरोप सही वा गलत भन्ने निष्कर्ष अनुसन्धानले निकाल्नुपर्छ, तर सार्वजनिक पदमा रहेका व्यक्तिमाथि लागेको यस्तो आरोपलाई बेवास्ता गर्न मिल्दैन।

सबैभन्दा संवेदनशील विषय प्रशासनिक तहमा भएको भनिएको व्यवहार हो। प्रमुख जिल्ला अधिकारीकै उपस्थितिमा दलित समुदायलाई अपमानजनक अभिव्यक्ति दिइएको र मन्दिर अन्यत्र सार्न दबाब दिइएको आरोप लागेको छ। राज्यको प्रतिनिधिबाटै जातीय अपमान भएको हो भने त्यो सामान्य प्रशासनिक कमजोरी मात्र होइन, कानुनी शासन र नागरिकको सम्मानमाथिको गम्भीर प्रश्न हो। प्रशासन नागरिकको जात, वर्ग वा समुदाय हेरेर होइन, कानुन हेरेर चल्नुपर्छ। नेपालको संविधानले छुवाछुत तथा भेदभावविरुद्धको हकलाई मौलिक अधिकारका रूपमा सुनिश्चित गरेको छ। दलित समुदायको हक र सामाजिक न्यायका लागि कानुनी व्यवस्था पनि स्पष्ट छ। त्यसैले धार्मिक आस्था, सार्वजनिक स्रोतको प्रयोग, कुटपिट, धम्की वा जातीय विभेदसँग जोडिएको कुनै पनि विवादलाई स्थानीय शक्ति-सन्तुलनका आधारमा मिलाउने प्रयास गर्नु न्यायको विकल्प हुन सक्दैन।

यस घटनामा आरोपित पक्षले के भन्छ भन्ने पनि सार्वजनिक हुनुपर्छ र निष्पक्ष छानबिनबाट सत्यतथ्य बाहिर आउनुपर्छ। आरोप लगाइएका व्यक्तिलाई पूर्वाग्रहपूर्वक दोषी ठहर गर्नु पनि उचित हुँदैन। तर आरोपको प्रकृति गम्भीर भएकाले प्रहरी, प्रशासन र राष्ट्रिय दलित आयोगले निष्पक्ष, पारदर्शी र प्रमाणमा आधारित अनुसन्धान अघि बढाउनैपर्छ। पीडितले जाहेरी दिन पाउने, सुरक्षा पाउने र कानुनी उपचारको बाटो खुला रहने सुनिश्चित गर्नु राज्यको दायित्व हो।

मन्दिरको आकार, स्थान वा निर्माणको विषयमा स्थानीय विवाद हुन सक्छ; त्यसको समाधान संवाद, कानुन र सहमतिबाट खोज्न सकिन्छ। तर जातीय श्रेष्ठता वा सामाजिक हैसियतका आधारमा कसैको धार्मिक अधिकार कुण्ठित गर्ने अधिकार कसैलाई छैन। लोकतान्त्रिक समाजको वास्तविक परीक्षा पनि यही हो–बहुसंख्यक वा शक्तिशालीको अधिकार मात्र होइन, कमजोर र सीमान्तकृत नागरिकको अधिकार कति सुरक्षित छ भन्नो।

बन्चटोलवाको घटनाले एउटा स्थानीय विवादभन्दा ठूलो प्रश्न उठाएको छ : के जातीय विभेदबाट मुक्त समाज निर्माण गर्ने हाम्रो प्रतिबद्धता व्यवहारमा पनि लागू भएको छ? यसको उत्तर भाषणले होइन, निष्पक्ष अनुसन्धान, कानुनी कारबाही र व्यवहारमा देखिने समानताले दिनुपर्छ। धार्मिकस्थलमा विभेदको छायाँ पर्न नदिन राज्यले स्पष्ट सन्देश दिन आवश्यक छ–आस्था सबैको हो, सम्मान सबैको हो र कानुन सबैका लागि बराबर हो।

## तपाईको आज

मेष : दिन शुभ फलदायक छ। कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ। ऐश्वर्य प्राप्ति, सन्तोष होला।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न। त्यसपछि भने लाभ, सफलता होला।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला।

वृश्चिक : दिन शुभ फलदायक छ। स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ।

धनु : समय बलवान् छ। मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ।

मीन : तपाईंका लागि समय शुभ छ। परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला।

# विपद् व्यवस्थापन : नागरिकका नाममा एक पत्र



प्रा. डा. ऋषिकेश नारायण श्रेष्ठ

विश्वका अधिकांश मुलुकमा आपत्कालीन व्यवस्थापनसम्बन्धी स्पष्ट योजना र कार्यविधि हुन्छ। समय र परिस्थितिअनुसार त्यस्ता योजनालाई परिमार्जन गर्दै, आवश्यकता अनुसार नियमित अभ्यास (ड्रिल) गराउँदै र सम्बन्धित निकायहरूलाई तयारी अवस्थामा राखिएको हुन्छ।

यस्ता योजनाहरूको सफल कार्यान्वयनका लागि नागरिकदेखि सरकार प्रमुखसम्म सबैले आपत्कालीन व्यवस्थापनसम्बन्धी आफ्नो भूमिका र जिम्मेवारी स्पष्ट रूपमा बुझेका हुन्छन्। यही समझदारी र सजगताका आधारमा विपद्को समयमा आउने जुनसुकै घटनाको सामना गर्दै सम्भावित क्षतिलाई न्यूनीकरण गर्न सकिन्छ भन्ने मान्यता राखिन्छ।

त्यसैले, यी देशका सचेत नागरिकहरुले आफ्नो देशको विपद् व्यवस्थापन प्रोटोकलदेखि आफू कार्यरत संस्थाको आपत्कालीन सुरक्षा योजनासम्म राम्रोसँग बुझेका हुन्छन्। साथै, आपत्कालीन अवस्थामा उनीहरू आफूलाई थाहा नभएको विषयमा आधिकारिकता बिना बोल्दैनन्; बरु विषयगत विज्ञहरूका भनाइ सुन्छन्, तिनमाथि विश्वास गर्छन् र सरकारको उद्धार कार्यप्रति पूर्ण भरोसा राख्दै सहयोग गर्छन्।

विकसित मुलुकहरूमा विद्यालय तहदेखि नै विपद् तथा आपत्कालीन अवस्थासम्बन्धी आधारभूत शिक्षा र अभ्यास गराइने भएकाले अधिकांश नागरिकलाई आपत्कालीन अवस्थामा के गर्ने र कसरी सुरक्षित रहने भन्ने सामान्य ज्ञान हुन्छ।

यसको एउटा उल्लेखनीय उदाहरणका रूपमा सन् २०२४ को अमेरिकी राष्ट्रपतीय चुनावी अभियानका क्रममा पेन्सिलभेनियामा भएको घटनालाई लिन सकिन्छ। तत्कालीन राष्ट्रपति पदका उम्मेदवार डोनाल्ड ट्रम्पमाथि गोली प्रहार भएपछि कार्यक्रमस्थलमा उपस्थित मानिसहरूबीच ठूलो भागदौड मच्चिएन। बरु धेरैजसो मानिसहरू तत्काल तल झुकेर आफूलाई सुरक्षित राखेको दृश्य देखियो। सुरक्षा निकायले पनि तत्काल ट्रम्पलाई सुरक्षित स्थानमा लैजान सफल भयो र थप क्षति हुन पाएन।

यस घटनाबाट एउटा महत्वपूर्ण कुरा स्पष्ट हुन्छ–आपत्कालीन अवस्थामा क्षति न्यूनीकरण गर्न सरकार र सुरक्षा निकाय मात्र पर्याप्त हुँदैनन्; आम नागरिक पनि सचेत, अनुशासित र आपत्कालीन अवस्थाको सामना गर्ने बारे आधारभूत रूपमा शिक्षित हुन आवश्यक हुन्छ।

विपद्को समयमा भइरहेको व्यवस्थापन र उद्धार कार्यलाई सफल बनाउन नागरिकको सचेतना र सकारात्मक सहभागितालाई एउटा अभिन्न अङ्ग मानिन्छ। विपद्को संवेदनशील घडीमा फैलाइने नकारात्मक, भ्रामक वा तथ्यहीन सन्देशले आम नागरिकमा त्रास सिर्जना गर्नुका साथै अग्रपङ्क्तिमा खटिएका उद्धारकर्मी, विज्ञ र राज्यका संयन्त्रको मनोबलमा समेत गम्भीर असर पुऱ्याउँछ। रुयसै तथ्यलाई ध्यानमा राख्दै विकसित मुलुकहरूमा विपद्का बेला उद्धार कार्यमा बाधा पुग्ने खालका समाचार प्रसारण नगर्ने र अनावश्यक दबाबमूलक गतिविधि नगर्ने चेतना नागरिकहरूमा देखिन्छ।

नेपालमा विपद् व्यवस्थापनका लागि केन्द्रदेखि स्थानीय तहसम्म विभिन्न कानुन, समिति तथा संस्थागत संयन्त्रहरू विद्यमान छन्। विपद्को समयमा राज्यले निर्धारण गरेका सुरक्षा प्रोटोकलअनुसार आफ्नो भूमिका र जिम्मेवारी के हुन्छ भन्नेबारे आम नागरिकका साथै विभिन्न सरोकारवालाहरूमा समेत पर्याप्त ज्ञानको कमी देखिन्छ।

रुविपत सुरक्षा पोर्टिकल अनुसार नागरिकले पूर्वसूचनाको पालना गर्ने, सुरक्षित स्थानमा जाने, उद्धार कार्यमा सहयोग पुऱ्याउने र अपुष्ट सूचना प्रवाह नगर्ने जस्ता जिम्मेवारी निर्वाह गर्नुपर्छ। त्यसैगरी, सञ्चारमाध्यम, सामाजिक सङ्घ-संस्था, राजनीतिक दल, अभियन्ता तथा अन्य सरोकारवालाहरूले पनि तथ्यपरक सूचना मात्र प्रवाह गर्ने, उद्धार तथा राहत कार्यमा समन्वय बढाउने र व्यवस्थापनमा बाधा नपुग्ने गरी सहयोग गर्नु पर्ने उल्लेख छ।

सरकारले विपद्को समयमा राज्यले निर्धारण गरेका सुरक्षा प्रोटोकल, प्रचलित कानुन तथा अन्तर्राष्ट्रिय मान्यता र अभ्यासअनुसार उपलब्ध सीमित स्रोत-साधनको अधिकतम उपयोग गर्दै उद्धार तथा व्यवस्थापनका कार्य अघि बढाउँछ। हाल सरकारले पनि यही आधार र कार्यविधिअनुसार उद्धार तथा व्यवस्थापनका कार्यहरू अघि बढाइरहेको देखिन्छ।

प्रभावकारी विपद् व्यवस्थापनको प्राथमिकता सर्वप्रथम जीवनरक्षा, द्रुत खोज तथा उद्धार, सुरक्षित स्थानान्तरण, घाइतेको उपचार, राहत वितरण, शव व्यवस्थापन तथा जनस्वास्थ्यको सुरक्षा हो। विभिन्न चुनौती र अभावका बीच हालसम्मको उद्धार तथा व्यवस्थापन कार्य प्रशंसनीय देखिन्छ।

आपत्कालीन तथा विपद् व्यवस्थापनलाई व्यवस्थित र प्रभावकारी बनाउन समय-समयमा अभ्यास (म्चर्षी) गर्ने गरिन्छ। यस्ता अभ्यासमा उद्धार तथा व्यवस्थापनको प्राविधिक पक्ष मात्र होइन, विपद् प्रभावित क्षेत्रबाट उठ्न सक्ने सामाजिक, भावनात्मक तथा व्यावहारिक प्रश्न र दबाबको सामना गर्ने अभ्याससमेत गरिन्छ।

त्यसैले पत्रकार,सामाजिक सञ्जाल प्रयोगकर्ता, सामाजिक अभियन्ता, राजनीतिक दलका कार्यकर्ता तथा आफन्त-नातेदारको भूमिका निर्वाह गर्ने व्यक्तिहरूलाई समेत सहभागी गराई वास्तविक परिस्थितिको अनुकरण गरिन्छ। यस्ता अभ्यासका क्रममा उनीहरूबाट प्रश्न उठाउने, आक्रोश व्यक्त गर्ने वा हुलहुज्जतको अवस्था सिर्जना गर्ने प्रयाससमेत गराइन्छ। उदाहरणका लागि– मेरो नातेदार खोइ?, कि सास चाहियो कि लास चाहियो?, सरकारले किन काम गर्न सकेन? सरकार असफल भयो?, राहत किन पाएनौँ?, हामी भोकै छौँ, बाढी/ भूकम्आउने सूचना किन दिइएन?, हामीलाई अहिले नै क्षतिपूर्ति चाहिन्छ, सरकार आकाशमा छ, लास जमिनमा छ, सरकारले पैसा खायो र आदि प्रश्न उठाइन्छन्।

यी प्रश्नहरू विपद्को समयमा वास्तविक रूपमा उत्पन्न हुन सक्ने सामाजिक वा व्यक्तिगत प्रतिक्रिया हुन्। त्यसैले यस्ता प्रश्न र परिस्थितिलाई कसरी शान्त, तथ्यपरक र प्रोटोकल अनुसार सम्बोधन गर्ने भन्ने अभ्यास पनि आपत्कालीन व्यवस्थापनको महत्वपूर्ण अंग हो।

यसबाट उद्धार तथा व्यवस्थापनमा खटिने जनशक्तिलाई संकटको समयमा उत्पन्न हुन सक्ने सामाजिक दबाब र भावनात्मक परिस्थितिसँग जुध्दै आफ्नो प्राथमिक जिम्मेवारीमा केन्द्रित रहन प्रशिक्षण प्राप्त हुन्छ।

विपद् व्यवस्थापनको अध्ययन गरेका वा यस्तो कार्यमा अनुभव हासिल गरेका व्यक्तिका लागि संकटको समयमा नागरिकबाट उठ्ने यस्ता प्रश्न अस्वाभाविक हुँदैनन् तर उनीहरूलाई थाहा हुन्छ–आपत्कालीन व्यवस्थापन भावनात्मक दबाबका आधारमा होइन, निर्धारित प्रोटोकल, प्राथमिकता र उपलब्ध स्रोत-साधनका आधारमा सञ्चालन हुन्छ।

त्यसैले संकटको बीचमा उठेका प्रत्येक प्रश्नको तत्काल उत्तर दिनु मात्र व्यवस्थापनको सफलता होइन। त्यस समयमा प्राथमिकता जीवनरक्षा र उद्धार हो; बाँकी प्रश्नको जवाफ आवश्यकता अनुसार व्यवस्थापन प्रक्रियाले आफैँ दिन्छ वा सम्बन्धित निकायले उचित समयमा तथ्यसहित दिनेछ। यही बुझाइ नागरिक, सञ्चारमाध्यम र सामाजिक अभियन्तामा पनि हुनु आवश्यक छ।

चिकित्सा शास्त्रमा एउटा सर्वमान्य मान्यता छ– "उत्तम उपचार अत्याधुनिक उपकरण, अस्पताल वा आईसीयूको भौतिक पूर्वाधारमा मात्र निर्भर हुँदैन। चिकित्सकले बिरामी र तिनका आफन्तलाई रोगको वास्तविक अवस्था, उपचार प्रक्रिया र सम्भावित जोखिमबारे स्पष्ट रूपमा बुझाउनु तथा उनीहरूले त्यसलाई बुझेर उपचारमा पूर्ण सहकार्य गर्नु पनि प्रभावकारी उपचारको मुख्य आधार भएजस्तै

आपत्कालीन तथा विपद् व्यवस्थापनमा पनि सोही सिद्धान्त लागू हुन्छ।

भौतिक पूर्वाधार र सरकारी संयन्त्र मात्र विपद् व्यवस्थापनका लागि पर्याप्त हुँदैनन्। त्यसैले, नेपालमा विपद्का बेला उठ्ने अनेकौँ प्रश्न र चुनौतीहरूको दीर्घकालीन समाधान भनेकै प्रत्येक नागरिकले आपत्कालीन व्यवस्थापनबारे गहन अध्ययन गरी ज्ञान हासिल गर्नु, अरूलाई सिकाउनु र नबुझ्नेलाई बुझाउनु हो। यसले विपद्को समयमा सही निर्णय लिन, राज्यका संयन्त्रसँग सहकार्य गर्न र सम्भावित मानवीय तथा भौतिक क्षति न्यूनीकरण गर्न महत्वपूर्ण योगदान पुऱ्याउँछ।

अन्तमा ,श्री भागवत गीता दर्शनले अज्ञानताबाट ज्ञानतर्फको यात्रालाई मानव जीवनको महत्वपूर्ण मार्ग मानेको छ। त्यसैले भन्न सकिन्छ– ज्ञान र अध्ययनभन्दा ठूलो शक्ति अर्को छैन। ज्ञान समस्याको समाधानतर्फ जाने आधार हो भने अज्ञानता धेरै समस्या, भ्रम र असफलताको जड बन्न सक्छ। यही भाव विपद् व्यवस्थापनमा पनि उत्तिकै सान्दर्भिक छ। ज्ञान र अध्ययन नै विपद् व्यवस्थापनको पहिलो आधार हो।

भोटेकोशी लगायत भविष्यमा आउन सक्ने कुनै पनि विपद्लाई प्रभावकारी रूपमा व्यवस्थापन गर्न सरकारका संयन्त्र र भौतिक पूर्वाधार मात्र पर्याप्त हुँदैनन्। त्यसका लागि सचेत नागरिक, वैज्ञानिक सोच, सही सूचना, पूर्वतयारी, विषयगत विशेषज्ञता तथा राज्य र नागरिकबीचको विश्वास र सहकार्य र सामूहिक अनुशासन उत्तिकै आवश्यक हुन्छ।

त्यसैले विपद्को घडीमा प्रत्येक नागरिकले भावनाभन्दा तथ्य, आरोपभन्दा समाधान र प्रचारभन्दा जीवनरक्षालाई प्राथमिकता दिनुपर्छ।

*साभार :रातोपाटीडटकम*

# आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# नेपाल स्वास्थ्य : अधिक नुन खानाले निम्त्याउँदैछ नेपालीमा 'गम्भीर स्वास्थ्य समस्या'



काठमाडौं । नेपालीहरूमा नुन धेरै खानाले हुने स्वास्थ्यसम्बन्धी समस्या बढ्न थालेको र त्यो चिन्ताको विषय भएको चिकित्सक तथा अनुसन्धानकर्ताहरूले बताएका छन्।

उनीहरूका भनाइमा नेपालमा "नसर्ने रोगहरूमा देखिएको वृद्धि"का लागि पनि नुनको अधिक प्रयोग एउटा प्रमुख कारण हुनसक्छ।


तर त्यसका लागि अधिक नुन खाँदा र त्यसले कस्ता रोग कति मात्रामा वृद्धि गरेको छ भन्ने छुट्टै विस्तृत अनुसन्धान आवश्यक पर्ने चिकित्सकहरू बताउँछन्।

नेपाल स्वास्थ्य अनुसन्धान परिषद्ले गरेका पछिल्ला अध्ययनले पनि नेपालीले औसतमा विश्व स्वास्थ्य सङ्गठन (डब्लूएचओ) ले तोकेको भन्दा बढी मात्रामा नुन खाने गरेको देखाएका छन्।

***नेपालको अवस्था***

नेपाल स्वास्थ्य अनुसन्धान परिषद्का प्रमुख अनुसन्धान अधिकृत डा. मेघनाथ धिमाल नेपालीले खाने नुनबारे खासै धेरै अध्ययन नभएको बताउँछन्।

त्यसले गर्दा पहिले नेपालीले



कति नुन खान्थे भन्ने तुलना गर्न सकिने अवस्था छैन।

यद्यपि सन् २०१९ मा गरिएको र त्यसको अर्को वर्ष सार्वजनिक भएको नसर्ने रोगसम्बन्धी एउटा अध्ययन प्रतिवेदनमा नै सबैभन्दा विस्तृतमा नुन खाने गरिएकोबारे उल्लेख भएको उनको भनाइ छ।

"त्यो विस्तृत रूपमै गरिएको अध्ययन हो र हामीले त्यसमा ६० जिल्लालाई समेटेर विवरण लिएका थियौं," परिषद्ले गरेको उक्त अध्ययनका प्रमुख अनुसन्धानकर्ता समेत रहेका धिमालले भने।

उक्त अनुसान्धान अनुसार नेपालीले औसतमा दैनिक ९.१ ग्राम नुन खाने गरेको देखिएको छ।

तर डब्लूएचओले दैनिक ५ ग्रामभन्दा कम नुन खानुपर्ने सिफारिस गरेको छ।

नेपालमा औसतमा पुरुषहरूले दैनिक ९.६ ग्राम र महिलाले ८.७ ग्राम नुन खाने गरेको उक्त अनुसन्धानले देखाएको छ।

अनुसन्धानकर्ताहरूका अनुसार विभिन्न स्थानका व्यक्तिहरूको ठाउँको ठाउँ पिसाब परीक्षण गरेर उक्त विवरण निकालिएको हो।

उनले भने, "डब्लूएचओले भनेको भन्दा नेपालीले औसतमा झन्डै दोबर नुन खाने गरेको देखिन्छ।"

***कारण के?***

नेपालीमा अधिक नुन खाने प्रवृत्ति देखिनुमा बदलिँदो जीवनशैली मुख्य कारण रहेको पोषणविद्हरूको तर्क छ।

त्यस्तैमध्येकी एक डा. अरुणा उप्रेती नेपालीमा जङ्क फुड खाने क्रम बढ्नु एउटा कारण भएको बताउँछिन्।

त्यसका अतिरिक्त स्वादका लागि नुन बढी खाने चलनले पनि मात्रा बढाइरहेको उनको भनाइ छ।

उप्रेतीले भनिन्, "नुनले स्वाद दिने र खानालाई लामो समय नबिगारी राख्ने गर्छ। त्यस्तो खाना धेरै उपभोग गर्ने प्रवृत्ति बढ्दो छ। तर त्यसको नकारात्मक असर शरीरमा पर्छ।"

अनुसन्धानकर्ता धिमाल पनि सहरी जनसङ्ख्याको वृद्धि, खाना बनाउने समयको कमी लगायतका कारणले नेपालीहरूले तयारी तथा बाहिर बनाएको खानेकुरा बढी खान थालेको बताउँछन्।

त्यसको बाहिर खाना खाँदा पनि काँचो नुन थपेर खाने चलन हुनु अर्को कारण भएको उनको तर्क छ।

ढिके नुनको साटो धुलो नुनको प्रयोग व्यापक हुन थालेपछि मानिसले काँचो नुन थप्ने प्रवृत्ति वृद्धि भएको उनी बताउँछन्।

"ढिके नुन प्रयोग गर्दा कुनै कुरामा नुन कम भए पनि थप्न सहज हुन्न थियो, अहिले त स्वाद अनुसार नुन थप्ने प्रवृत्ति बढ्यो," उनी भन्छन्।

***जङ्क फुडमा अधिक मात्रामा नुन***

परिषद्ले केहीअघि गरेको तर सार्वजनिक हुन बाँकी एउटा अध्ययनले नेपालमा खपत भइरहेका मुख्य जङ्क फुडहरूमा अधिक मात्रामा नुनको मात्रा पाइएको उक्त अध्ययनका लेखक समेत रहेका डा. धिमालले जानकारी दिएका छन्।

"प्रारम्भिक प्रतिवेदनमा अधिकांश जङ्क फुडमा उनीहरूले लेभलमा लेखेको भन्दा पनि बढी मात्रामा नुनको प्रयोग भएको पाइएको छ," उनले भने।

"हामी उक्त अनुसन्धानको नतिजा पनि चाँडै सार्वजनिक गर्दैछौं।"

नेपालमा विशेषगरी बालबालिकाहरूले जङ्क फुडको अत्यधिक प्रयोग गर्ने गरेकाले त्यसको असर दीर्घकालसम्म पर्ने पोषणविद् उप्रेतीको भनाइ छ।

तीन वर्षअघि पोषणसम्बन्धी एउटा अन्तर्राष्ट्रिय जर्नलमा प्रकाशित भएको काठमाण्डू उपत्यकामा गरिएको एउटा अध्ययनले कैयौं नेपाली बालबालिकाले जङ्क फुडका माध्यमबाट पोषण प्राप्त गरेको उल्लेख थियो।

एक वर्षदेखि दुई वर्षका बालबालिकाको पोषणको स्थिति हेर्दा उनीहरूले एक चौथाइ आवश्यक पोषण जङ्क फुडबाट प्राप्त गरेको देखिएको विवरण सार्वजनिक भएको थियो।

नेपालमा खपत हुने जङ्क फुडमा अधिक मात्रामा नुनको प्रयोग हुने गरेको सन् २०१९ मा परिषद्ले गरेको अध्ययनका अर्का एकजना लेखक तथा नेपाल मेडिकल एसोसिएसनका पूर्वअध्यक्ष डा. अञ्जनीकुमार झा बताउँछन्।

उनी भन्छन्, "अहिले जसलाई जति मन लाग्छ उति नुन राखिदिएका छन्। मान्छेलाई पनि मीठो लाग्छ, खान्छन्।"

***नुन बढी हुँदा हुने स्वास्थ्य समस्या***

अत्यधिक मात्रामा नुन खाँदा गम्भीर स्वास्थ्य समस्याहरू देखा पर्ने चिकित्सकहरूको भनाइ छ।

धिमालका भनाइमा नुनको मात्रा बढी हुँदा नै नेपालमा अहिले उच्च रक्तचापको समस्या बढ्दो क्रममा रहेको देखिएको छ।

त्यस्तै अन्य मुटुसम्बन्धी समस्या पनि यसले बढाउने धिमालले बताए।

उप्रेती चाहिँ मिर्गौला रोगको मुख्य कारण पनि नुनको अधिक प्रयोग भएको बताउँछिन्।

उनले भनिन्, "हाम्रो शरीरलाई सोडियम चाहिन्छ तर बढी भयो भने स्वास्थ्यमा एकदमै नराम्रो असर पर्छ।"

उनले भनिन्, "नुन बढी खाएपछि उच्च रक्तचाप त बढ्छ नै मिर्गौलामा पनि गम्भीर असर पर्छ। मिर्गौला भनेको हाम्रो शरीरको विकास तत्त्व छान्ने अङ्ग हो। तर नुन बढी खाने पानी कम खाने अवस्थाले गम्भीर स्वास्थ्य समस्या निम्त्यउँछ।"

अर्का चिकित्सक झाका अनुसार नुन बढी भएका कारण हृदयाघात, उच्च रक्तचाप, अनिद्रा, चिट्चिटाहट, जोर्नी सुनिने र दुख्ने लगायतका स्वास्थ्य समस्या देखा पर्छन्।

त्यस्तै दीर्घकालमा थाइरोइड लगायतका समस्या पनि देखिने उनको भनाइ छ।

उनी मात्रा मिलाएर मात्र नुन खानुपर्ने बताउँछन्।

***नुनको खपत कम गर्न सुझाव***

नुन बढी खाँदा हुने तत्काल र दीर्घकालका स्वास्थ्य समस्या कम गर्न नुन खाने मात्रा कम गर्नुपर्ने चिकित्सकहरूको सुझाव छ।

त्यसका लागि मुख्य तीन क्षेत्रले सोच्नुपर्ने झाको भनाइ छ, पहिलो- सरकार, दोस्रो- समाज र तेस्रो- व्यक्ति।

उनले भने, "सरकारले नीति बनाएर मुख्यत: जङ्क फुडको नियमन गर्नुपर्छ। त्यो नियमलाई कडा ढङ्गले पालन गराउन अनुगमन गर्नुपर्छ।"

उनी समाज तथा सामाजिक अभियानकर्मीहरूले यसबारे जागरुकता फैलाउनुपर्ने आवश्यकता देख्छन्।

त्यस्तै नुन खान कम गर्ने विषयमा व्यक्तिको भूमिका महत्त्वपूर्ण हुने झा बताउँछन्।

"आखिर स्वास्थ्य त व्यक्तिको हो। त्यसैले उसैले सबैभन्दा बढी सचेत हुनुपर्छ," उनले भने।

*साभार: बीबीसी*

# भदौ २२ मा राष्ट्रिय शोक, २३ मा जेनजी सहिद दिवस

दैनिक समाचारदाता

काठमाडौं १८ भदौ । सरकारले रसुवा बाढीमा परी ज्यान गुमाएकाहरूको सम्मानमा भदौ २२ गते राष्ट्रिय शोक दिवस मनाउने भएको छ । त्यस्तै, भदौ २३ गते जेनजी सहिद दिवसका अवसरमा सार्वजनिक बिदा दिने निर्णय गरेको छ । बिहीबार बसेको मन्त्रिपरिषद् बैठकले दुवै निर्णय गरेको सरकारका प्रवक्ता एवं शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले जानकारी दिए ।



सरकारले रसुवा बाढीबाट प्रभावित व्यक्ति, उद्योग तथा व्यवसायलाई तत्काल सञ्चालनमा ल्याउन एकीकृत व्यावसायिक पुनर्स्थापना योजनाअन्तर्गत राहत, कर तथा महसुल छुटलगायत विभिन्न सहुलियत सुविधा उपलब्ध गराउने निर्णय गरेको छ ।

बाढीपछिको खोज तथा उद्धारमा खटिएका सुरक्षा कर्मचारीलाई जोखिम भत्ता र खाजा खर्च उपलब्ध गराउने निर्णयसमेत मन्त्रिपरिषद्ले गरेको छ । त्यस्तै, उद्धारका क्रममा घाइते हुने सुरक्षाकर्मीलाई निःशुल्क उपचार तथा मृत्यु भएमा मृतकका परिवारलाई १० लाख रुपैयाँ उपलब्ध गराउने निर्णय गरिएको प्रवक्ता पोखरेलले बताए ।

यसैगरी, बैठकले साल्ट ट्रेडिङ कर्पोरेसन र खाद्य तथा व्यापार कम्पनीमार्फत २५ हजार मेट्रिक टन चिनी एक प्रतिशत भन्सार महसुलमा आयात गर्न स्वीकृति प्रदान गरेको छ ।

सरकारले रसुवा बाढीबाट भएको मानवीय तथा भौतिक क्षतिको पुनर्स्थापना, प्रभावितको राहत तथा खोज तथा उद्धारलाई प्राथमिकताका साथ अघि बढाउने जनाएको छ ।

# बाढीपीडितलाई राहत जुटाउँदै मानवअधिकारकर्मी



दैनिक समाचारदाता

जनकपुरधाम, १८ भदौ । रसुवा, नुवाकोट, धादिङलगायतका जिल्लामा गत भदौ १० गते आएको विनाशकारी बाढीपहिरोबाट प्रभावित नागरिकको राहत तथा उद्धारमा सहयोग गर्न मधेश प्रदेशका मानवअधिकारकर्मीहरू जुटेका छन्। अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) मधेश प्रदेशका संयोजक राजु पासमानको नेतृत्वमा बसेको मानव अधिकारकर्मीहरूको बैठकले बाढीपहिरोबाट भएको मानवीय तथा भौतिक क्षतिप्रति दुःख व्यक्त गर्दै प्रभावित तथा घाइते नागरिकलाई आवश्यक सहयोग उपलब्ध गराउने निर्णय गरेको हो।

बैठकमा विपद्बाट प्रभावित नागरिकको तत्काल उद्धार, राहत र पुनःस्थापनालाई प्राथमिकतामा राख्नुपर्नेमा सहभागीहरूले जोड दिए। उनीहरूले विपद्का कारण घरबारविहीन तथा संकटमा परेका नागरिकलाई राज्यका साथै नागरिक समाज र मानवअधिकार क्षेत्रमा कार्यरत संस्थाहरूले समेत आ-आफ्नो स्तरबाट सहयोग गर्नुपर्ने धारणा राखे।

बैठकले बाढीपहिरो प्रभावितका लागि आवश्यक राहत तथा सहयोग जुटाउने र त्यसलाई प्रभावकारी रूपमा प्रभावित समुदायसम्म पुऱ्याउन सम्बन्धित निकाय तथा सरोकारवालासँग समन्वय गर्ने निर्णयसमेत गरेको छ।

सहभागीहरूले विपद्का बेला पीडित नागरिकको जीवनरक्षा, मानवीय सहायता र आधारभूत आवश्यकताको सुनिश्चितता पहिलो प्राथमिकता हुनुपर्नेमा जोड दिएका छन्। साथै, प्रभावित नागरिकको अधिकार संरक्षण र उनीहरूको पुनःस्थापनाका लागि निरन्तर पहल आवश्यक रहेको धारणा व्यक्त गरे।

बैठकमा मानवअधिकार क्षेत्रमा कार्यरत अमृता घिमिरे, विनोद महरा, कैलास दास, पुरुषोत्तम यादव, सञ्जु यादव, सुभद्रा आले, निरबहादुर काफ्ले, समिता कुमारी, रिमा झा र ममता विश्वकर्मालगायतको उपस्थिति थियो।

विहानको सुरुवात ताजा समाचारसँगै । विहान-विहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका । साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि-
Website www.esamachardainik.com
राष्ट्रिय दैनिक समाचार दैनिक जनकपुर

# भोटेकोशी बाढीका कारण चार जिल्लामा साढे सात हजार निजी घर क्षतिग्रस्त

## रसुवा, नुवाकोट, धादिङ र गोरखामा ७ हजार ५ सयभन्दा बढी निजी आवास क्षतिग्रस्त; भूकम्पभन्दा फरक विपद्, जग्गासमेत बगाउँदा सुरक्षित स्थानमा एकीकृत बस्ती विकासको आवश्यकता

दैनिक समाचारदाता
काठमाडौं, १८ भदौ । नेपाल( चीन सिमा क्षेत्रमा हिमपहिरोका कारण सिर्जित भनिएको भोटेकोशीको भीषण बाढीका कारण नेपालका चार जिल्लामा हजारौँ निजी घरहरू ध्वस्त भएका विवरण आएका छन्। विस्थापित हजारौँ मानिसहरूलाई अहिले रसुवा, नुवाकोट, धादिङ र काठमाण्डूका विभिन्न होल्डिङ सेन्टरहरूमा राखिएको राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले जनाएको छ।

***सबभन्दा प्रभावित चार जिल्ला***

भोटेकोशी बाढीका बेला विशाल ऊर्जासहित तीव्र वेगमा उर्लिएको पानी, चट्टान, तथा लेदोले पक्की घरहरूसमेत निमेषभरमै बगाएको थियो। एघार सय मानिसको ज्यान गइसकेको छ भने झन्डै चार हजार मानिसहरू अझै हराइरहेका विवरण आएका छन्।

उक्त घटनामा परी साढे सात हजार निजी घरहरू क्षतिग्रस्त भएको शहरी विकास तथा भवन निर्माण विभागको प्रारम्भिक अनुमान छ।

बाढीबाट ठूलो भौतिक क्षति

विभागका उपमहानिर्देशक प्रकाश अर्यालका अनुसार क्षतिग्रस्त घरहरूमध्ये रसुवामा १,७७९; नुवाकोटमा ३,९७७; धादिङमा १५५१; र गोरखामा





२६३ छन्। "त्यसैगरी ५३ वटा सरकारी भवन क्षतिग्रस्त भएका विवरण छन्। जसमध्ये रसुवामा २५, नुवाकोटमा ८, धादिङमा १७ र गोरखामा ३ छन्," अर्यालले भने । ती घरहरू नष्ट हुँदा अर्बौं रुपैयाँ बराबरको क्षति भएको बताइएको छ। त्यसको यकीन विवरण आउन बाँकी नै छ।

***बहत्तर सालको भूकम्पसँग तुलना***

नेपालले योभन्दा अघि बेहोरेको ठूलो विपत्ति २०७२ सालको भूकम्प थियो। त्यतिखेर पाँच लाखभन्दा धेरै घर पूर्ण रूपमा क्षतिग्रस्त भएका थिए भने अढाइ लाख आंशिक क्षतिग्रस्त भएका थिए । त्यतिखेर पनि सबभन्दा प्रभावित जिल्लाहरूको सूचीमा रसुवा, नुवाकोट र धादिङ अग्रपङ्क्तिमै थिए ।

तर यी दुई विपद्ले निजी आवासहरूमा पुर्‍याएको क्षति नितान्त फरक किसिमको भएको त्यतिखेर गठित राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका पूर्व प्रमुख सुशील ज्ञवालीले बताए । "सबभन्दा मुख्य त पहिलेको विपत्तिमा भूकम्पले घर भत्काए पनि जमिन जहाँको तहीँ थियो, मानिसहरूले भत्केको घरकै पुराना सामग्री समेत प्रयोग गरेर नयाँ बनाउन सक्थे। अहिले त घरका साथै जग्गै बगाएको छ," ज्ञवालीले भने ।

"मुख्य चुनौती उपयुक्त सुरक्षित ठाउँमा जग्गाको पहिचान गरेर बस्ती स्थानान्तरण गर्नु पर्ने हुन्छ। मानिसहरूको आर्थिक(सामाजिक(सांस्कृतिक सम्बन्धका कारण सकेसम्म नजिकै स्थानान्तरण गर्नु पर्ने हुन्छ। तर जीवन चक्र सुरक्षित राख्नु पहिलो प्राथमिकता हुनु पर्छ," उनले भने ।उनले पुनर्निर्माणको विषयलाई एकीकृत रूपमा लिएर अनि विगतको अनुभवलाई पनि सम्झिएर अगाडि बढ्न सुझाव दिए।"नजिकको उपयुक्त स्थान उदाहरणका लागि विदुर उपत्यकामा एकीकृत बस्ती विकासको मोडल पछ्याउँदा राम्रो हुन्छ जहाँ सबै किसिमका पूर्वाधार होस् अनि जहाँ औद्योगिक विकासका लागि विशेष आर्थिक क्षेत्र जस्ता संरचना पनि विकास गर्न सकियोस्।" विगतमा भूकम्पका बेला निजी आवास पुनर्निर्माणका लागि सरकारले तीन किस्तामा गरेर ३ लाख रुपैयाँ अनुदान प्रदान गरेको थियो ।

# भदौ २२ गते राष्ट्रिय शोक दिवस, राष्ट्रिय झण्डा आधा झुकाइने



दैनिक समाचारदाता
जनकपुरधाम, १८ भदौ । सरकारले रसुवाको भोटेकोशीमा आएको विनाशकारी बाढीमा परी ज्यान गुमाएकाहरूको सम्मानमा राष्ट्रिय शोक दिवस मनाउने निर्णय गरेको छ ।

बिहीबार दिउँसो बसेको मन्त्रिपरिषद् बैठकले बाढीमा मृत्यु भएकाहरूको सम्मानस्वरूप घटनाको १३औँ दिनको पुण्यतिथिमा राष्ट्रिय शोक दिवस मनाउने निर्णय गरेको सरकारका प्रवक्ता एवं शिक्षामन्त्री सस्मित पोखरेलले जानकारी दिए । सरकारले आगामी भदौ २२ गते सोमबार राष्ट्रिय शोक दिवस मनाउने निर्णय गरेको हो ।शोक दिवसका दिन नेपालभरका सरकारी कार्यालय तथा विदेशस्थित नेपाली दूतावास र नियोगहरूमा राष्ट्रिय झण्डा आधा झुकाउने निर्णयसमेत मन्त्रिपरिषद्ले गरेको प्रवक्ता पोखरेलले बताए ।

भोटेकोशी बाढीका कारण ठूलो जनधनको क्षति भएपछि सरकारले मृतकप्रति सम्मान तथा श्रद्धाञ्जली व्यक्त गर्न राष्ट्रिय शोक दिवस मनाउने निर्णय गरेको हो ।

सरकारले विपद्बाट प्रभावित तथा पीडित परिवारको उद्धार, राहत र पुनर्स्थापनाका कामलाई निरन्तरता दिइरहेको जनाएको छ ।


## माइग्रेशन हराएको सूचना

घरबाट जनकपुरधाम आउने क्रममा बाटोमा हाम्रो माइग्रेशन सर्टिफिकेट सहितको कागजातहरु हराएकोले पाउनु हुने महानुभावहरु निम्न ठेगाना वा नजिकको प्रहरी चौकीमा पुर्‍याई सहयोग गरी दिन हुन हार्दिक अनुरोध गरिन्छ ।

नाम : प्रेक्षा सिंह
ठेगाना : जि.ध.क्षीरेश्वरनाथ नगरापालिका वडा नं. ५
सिम्बल नं. : ३१७०२४९५
रजि नं. : ७४१७१७३३६
सम्पर्क नं. : ९८०१६१७९९९


# धनुषमा अदालतबाट सजाय तोकिएका ६ फरार प्रतिवादी पक्राउ

## ठगी मुद्दाका प्रतिवादीबाट १२ लाख २५ हजारभन्दा बढी जरिवाना असुल हुने

दैनिक समाचारदाता
जनकपुरधाम, १८ भदौ । जिल्ला प्रहरी कार्यालय धनुषाले अदालतबाट कैद तथा जरिवाना सजाय तोकिएपछि फरार रहेका ६ जना प्रतिवादीलाई पक्राउ गरेको छ ।

जिल्ला अदालत धनुषाबाट भएका फैसला कार्यान्वयन गर्ने क्रममा जिल्ला प्रहरी कार्यालय तथा मातहतका प्रहरी टोलीले खोजतलास गरी उनीहरूलाई विभिन्न स्थानबाट पक्राउ गरेको हो ।

प्रहरीका अनुसार पक्राउ परेकामध्ये एक जनालाई ठगी मुद्दामा २ वर्ष कैद र १२ लाख २५ हजार १६० रुपैयाँ




जरिवाना तोकिएको थियो । त्यस्तै, कुटपिट तथा लुटपाट मुद्दामा एक जनालाई ४ सय रुपैयाँ जरिवाना तथा ज्यान मार्ने उद्योगका तीन जना प्रतिवादीलाई क्रमशः ६ वर्ष, ५ वर्ष र ५ वर्ष कैद सजाय तोकिएको थियो ।

अर्को एक जनालाई कुटपिट मुद्दामा २ वर्ष कैद सजाय सुनाइएको प्रहरीले जनाएको छ ।

अदालतबाट फैसला भई सजाय कार्यान्वयन हुन बाँकी रहेका उनीहरूलाई पक्राउ गरी आवश्यक कारबाहीका लागि धनुषा जिल्ला अदालतमा पेश गरिएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता एवं सूचना अधिकारी प्रहरी नायव उपरीक्षक ओमप्रकाश खनालका अनुसार अदालतबाट फैसला भई फरार रहेका अन्य प्रतिवादीको खोजी तथा पक्राउ अभियानलाई पनि प्रहरीले निरन्तरता दिइरहेको छ ।


प्रहरीले अदालतको फैसला कार्यान्वयनलाई प्राथमिकतामा राख्दै फरार प्रतिवादीको खोजी तथा पक्राउ अभियानलाई तीव्र बनाएको जनाएको छ ।




- विभिन्न प्रकारको कोटेन रोल
- विभिन्न प्रकारका जिङ्जैङ् कोटन
- डिलेभरी पैड सहितका लागि सम्पर्क स्थान

**रामेश्वरम सर्जिकल उद्योग**
जनकपुरधाम, १४, मधेश प्रदेश
मो.नं.: ९८१९८३५३३४

अब उत्कृष्ट भविष्यको रोजाई



**MIT Campus, Janakpurdham**

- गुणस्तरीय शिक्षा
- अनुभवी तथा दक्ष शिक्षक टोली
- आधुनिक शिक्षण पद्धति
- अनुशासित र विद्यार्थीमैत्री वातावरण
- उत्कृष्ट नतिजासहित उज्ज्वल भविष्यको सुनिश्चितता

"आजको सही निर्णय, भोलिको सफल भविष्य"

किन रोज्ने
- SEE पछि उत्कृष्ट अध्ययनको अवसर
- विज्ञान, वाणिज्य तथा व्यवस्थापन संकायमा विशेष सफलता
- नियमित कक्षा, अतिरिक्त शैक्षिक गतिविधि र करिअर मार्गदर्शन
- प्रतिस्पर्धात्मक परीक्षाको तयारीमा विशेष ध्यान
- आधुनिक प्रयोगशाला तथा सुविधा सम्पन्न कक्षा कोठा

विज्ञान, वाणिज्य तथा व्यवस्थापन शिक्षामा विश्वासिलो नाम

Janakpurdham-4,Dhanusha Nepal
Mob. No. 9801670856, 9801670861, 9854025907, 9844005260 Phone : 041-425035, 526377
Email: mitcampus.jnk@gmail.com Website : www.mitjnk.edu.np


'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४